आज मिति २०७९।०४।३१ गते मंगलबारका दिन यस रामग्राम नगरपालिकाका नगर प्रमुख श्री धनपत यादव ज्यूको अध्यक्षता तथा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितीमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति :

| नाम | वडा नं | पद |
|---|---|---|
| श्री धनपत यादव | | नगर प्रमुख |
| श्री सम्झना चौधरी | | नगर उपप्रमुख |
| श्री रुद्र प्रकाश उपाध्याय | १ | वडा अध्यक्ष |
| श्री निरज रौनियार | २ | वडा अध्यक्ष |
| श्री उज्जवल न्यौपाने | ३ | वडा अध्यक्ष |
| श्री मदन यादव | ४ | वडा अध्यक्ष |
| श्री राम वृक्ष अहिर | ५ | वडा अध्यक्ष |
| श्री विद्या सागर त्रिपाठी | ६ | वडा अध्यक्ष |
| श्री रबिन्द्र यादव | ७ | वडा अध्यक्ष |
| श्री मदन प्रसाद कुर्मी | ८ का वा | वडा अध्यक्ष |
| श्री भोजनारायण यादव | ९ | वडा अध्यक्ष |
| श्री सुरेश यादव | १० | वडा अध्यक्ष |
| श्री धनिराम यादव | ११ | वडा अध्यक्ष |
| श्री लोक बहादुर चौधरी | १२ | वडा अध्यक्ष |
| श्री असनारायण प्रसाद चौधरी | १३ | वडा अध्यक्ष |
| श्री ओम प्रकाश यादव | १४ | वडा अध्यक्ष |
| श्री धनपत यादव | १५ | वडा अध्यक्ष |
| श्री बिजय कुमार यादव | १६ | वडा अध्यक्ष |
| श्री कन्है प्रसाद कोईरी | १७ | वडा अध्यक्ष |

CamScanner

| | | |
|---|---|---|
| श्री गोपाल डिस्वा मगर | १८ | वडा अध्यक्ष |
| श्री बच्ची कहार | ५ | कार्यपालिका सदस्य |
| श्री भगवती कुमारी चौधरी | ११ | कार्यपालिका सदस्य |
| श्री सिमिर्ती देवी चौधरी | ४ | कार्यपालिका सदस्य |
| श्री सिता मइया चौधरी | १४ | कार्यपालिका सदस्य |
| श्री नानु कुमारी थापा खड्का | ३ | कार्यपालिका सदस्य |
| श्री सुरेश पासवान | ५ | कार्यपालिका सदस्य |
| श्री अमृत सिंह जि.सि. | २ | कार्यपालिका सदस्य |
| श्री कमलेश्वर ठाकुर | १५ | कार्यपालिका सदस्य |
| श्री मान बहादुर खड्का | रामग्राम नगरपालिका | प्रमुख प्रशासकीय अधिकृत ,सचिव |

बैठक संचालन सहयोगी कर्मचारीहरु :

श्री रुद्र प्रसाद रेग्मी — नगर शिक्षा अधिकारी

श्री रामलाल मुखिया — अधिकृत आठौं

श्री श्यामजी शास्त्री — के.पि.

बैठक नं: ०९

रामग्राम नगरपालिकाको मिति २०७९।०४।३१ गतेको नगर कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु

प्रस्ताव नं. १ : अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : सुरक्षित आप्रवास (सामी) परियोजनाका लागि जनशक्ति पदपूर्ति सम्बन्धमा ।

प्रस्ताव नं. ३: नगरपालिकाको विकास निर्माण सम्बन्धी योजना संचालन प्रभावकारिताका लागि सिनियर ईन्जिनियर भर्ना सम्बन्धमा ।

प्रस्ताव नं. ४ : आ.व. २०७९।०८० का योजना तथा कार्यक्रम संचालन तालिका (क्यालेण्डर) सम्बन्धमा ।

प्रस्ताव नं. ५ : रोजगार सहायकको भर्ना सम्बन्धमा ।

प्रस्ताव नं. ६ : हस्तलिखित व्यक्तिगत घटना दर्ता अनलाइन प्रणालीमा अद्यावधिक गर्दा लाग्ने घटना दर्ता प्रतिलिपी दस्तुर छुट दिने सम्बन्धमा ।

प्रस्ताव नं. ७ : :नगरस्तरीय सहजिकरण समितिको सदस्य सिफारिस सम्बन्धमा ।

प्रस्ताव नं. ८ : सार्वजनिक पर्ती ऐलानी जग्गा संरक्षण गर्ने गराउने सम्बन्धमा ।

प्रस्ताव नं. ९ :गर्भवती तथा सुत्केरी आमाहरुको लागि तयारी पौष्टिक आहार वितरण सम्बन्धी कार्यविधी , २०७९ सम्बन्धमा ।

प्रस्ताव नं. १० : आधारभूत स्वास्थ्य सेवा केन्द्र संचालन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ११ : नवनिर्मित हाटबजारको पसलघर बहालमा लगाउने सम्बन्धमा ।

प्रस्ताव नं. १२ : दैनिक हाटबजार बहालमा लगाउने सम्बन्धमा ।

प्रस्ताव नं. १३ :पोखरी ठेक्का बन्दोबस्त गर्ने र अनुदान उपलब्ध गराउने सम्बन्धमा ।

CamScanner

निर्णयहरु :

निर्णय नं. १ : प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको अघिल्लो बैठकबाट भएका निर्णयहरुको समिक्षा गरियो ।

निर्णय नं. २ : प्रस्ताव नं. २ माथि छलफल गर्दा माथि छलफल गर्दा आ.व. २०७९/८० देखी आ.व. २०८०/८१ मा सञ्चालन हुने सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन सम्बन्धमा स्थानीय तह परियोजना व्यवस्थापन समितिको मिति २०७९/०३/३१ गते बसेको बैठकले सो कार्यक्रम स्थानीय तह आफैले सञ्चालन गर्ने निर्णय गरे बमोजिम स्थानीय तह कार्यक्रम व्यवस्थापन समितिको मिति २०७९।०४।२६ गतेको निर्णयानुसार सो कार्यक्रम सञ्चालन सम्बन्धमा छलफल गरी तपशिल बमोजिम तोकिएका पदहरुमा पदपूर्ति प्रकृया अघि बढाउने निर्णय भएको मा सोही बमोजिम गर्ने निर्णय गरियो ।

| पद | पद संख्या |
|---|---|
| कार्यक्रम संयोजक | १ |
| सामाजिक परिचालन अधिकृत | १ |
| आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता | २ (एक जना महिला अनिवार्य) |
| मनोसामाजिक परामर्शकर्ता | १ |
| वित्तीय साक्षरता सहजकर्ता | १ |
| रिटर्नी स्वयंसेवक (आंशिक) | ३ |
| जम्मा | ९ जना |

निर्णय नं. ३ : प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकामा आयोजना तथा योजनाहरुको संख्या अत्याधिक रहेको र प्राविधिक विज्ञ जनशक्तिको कमी भएको हुँदा नगरपालिकाको विकास निर्माण सम्बन्धी योजना संचालन प्रभावकारिताका लागि यस नगरपालिकाको स्वीकृत संगठन संरचना बमोजिम ९।१० औं तहको सि.डि.ई.को दरबन्दी रिक्त रहेको हुँदा सो दरबन्दीमा स्थायी पपदूर्ति नहुँदा सम्मको लागि १ जना सिनियर ईन्जिनियर नियमानुसार करारमा राखी पदपूर्ति गर्ने निर्णय गरियो । स्थायी पदपुर्तिका लागि लोकसेवा आयोगमा माग गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. ४ : प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगपालिकाको आ.व. ०७९।०८० का योजना कार्यान्वियन गर्ने विभिन्न महाशाखा/शाखा/उपशाखा र सम्बन्धित वडाहरुबाट परामर्श गरि तयार पारिएको यस नगरपालिकाको आ.व. २०७९।०८० को वार्षिक योजना तथा कार्यक्रम संचालन तालिका (क्यालेण्डर) माथि छलफल गरि स्वीकृत गरियो ।

निर्णय नं. ५ : प्रस्ताव नं.५ माथि छलफल गर्दा स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्वन्धि मापदण्ड, २०७८ बमोजिम गठित पदपूर्ति समितिको मिति २०७९।०४।२६ गतेको निर्णयानुसार रामग्राम

नगरपालिकामा आवश्यक रोजगार सहायक पद संख्या १ (एक) को सेवा करार गरि नियुक्ति गर्न सूचना प्रकाशन गर्ने निर्णय भएकोमा सोही बमोजिम गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिका भित्रका हस्तलिखित व्यक्तिगत घटना दर्ता अनलाइन प्रणालीमा अद्यावधिक गर्दा लाग्ने *घटना दर्ता प्रतिलिपी दस्तुर* रु ५००।- छुट दिने सम्बन्धमा राजश्व परामर्श समितिको मिति २०७९।०४।२९ गतेको निर्णयानुसार सिफारिस भई आएकोमा साही बमोजिम अद्यावधिक गर्दा रामग्राम नगरपालिकाको आर्थिक ऐन बमोजिम लाग्ने *घटना दर्ता प्रतिलिपी दस्तुर* रकम रु. ५००।- हाललाई छुट दिई आगामी नगर सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस रामग्राम नगरपालिकाभित्र रहेका भूमिहीन दलित,भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र लगत संकलन,प्रमाणिकरण तथा नाप नक्सा गर्ने कार्यमा सहयोग र सहजिकरण गर्न *भूमिहिन दलित , भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधी कार्यविधि, २०७७* को दफा ३ मा भएको व्यवस्था अनुसार स्थानीय तहको नगरस्तरीय सहजीकरण समितिमा रहने सदस्य अन्तर्गत कार्यपालिकाबाट मनोनयन हुने दुई महिला सदस्यको नाम तपसिल बमोजिम सिफारिस गर्ने निर्णय गरियो ।

१. सुरेश पासवान ( कार्यपालिकाको दलित [redacted] सदस्य-१ जना )
२. नानु कुमारी थापा खड्का ( कार्यपालिकाको महिला सदस्य -१ जना )

निर्णय नं ८ : प्रस्ताव नं. ८ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद घ को दफा ११ को उपदफा (२ ) को खण्ड (६) बमोजिम सार्वजनिक, ऐलानी र पर्ती जग्गा संरक्षण नगरपालिकाको काम , कर्तव्य र अधिकार अन्तर्गत रहेको हुनाले यस नगरपालिका अन्तर्गत रहेका सार्वजनिक पर्ती ऐलानी जग्गा संरक्षण गर्ने कार्य अविलम्ब शुरु गराउने निर्णय गरियो ।

नगर क्षेत्र भित्रको सरकारी सार्वजनिक जग्गा संरक्षण कार्यक्रम कार्यन्वयनका लागि देहाय बमोजिमका समिति गठन गरियो ।

*जग्गा संरक्षण तथा व्यवस्थापन समिति*

नगर उपप्रमुख , संयोजक

सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको नगर सभा सदस्य ,सदस्य

कार्यपालिकाले तोकेको एक जना महिला सदस्य , सदस्य

आवास, भवन तथा बस्ती विकास शाखा प्रमुख, सदस्य

अमिन , सदस्य सचिव

निर्णय नं ९ : प्रस्ताव नं. ९ माथि छलफल गर्दा गर्भवती तथा सुत्केरी आमाहरुको लागि तयारी पौष्टिक आहार वितरण सम्बन्धी कार्यविधी , २०७९ को मस्यौदा माथि छलफल गरी स्वीकृत गरियो ।

CamScanner

निर्णय नं १० : प्रस्ताव नं. १० माथि छलफल गर्दा यरा रामग्राम नगरपालिका अन्तर्गत वडा नं. १,२,४,६,९,११,१२,१३ र १५ मा नेपाल सरकार सशर्त अनुदानबाट प्राप्त बजेट खर्च गरि ९ वटा भवन निर्माण सम्पन्न भई वडा नं. १,४,६,९,११ र १५ मा गरी जम्मा ६ वटा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुमा हे.अ.१ जना, जना स्टाफ नर्स १ जना र का.स. १ जना गरी ३ जनाको दरले जम्मा १८ जना कर्मचारी सेवा करारमा लिई सेवा शुरु गरिएकोमा हाल वडा नं. २, हाट बजारमा रहेको आधारभुत स्वास्थ्य सेवा केन्द्रको भवनबाट सेवा शुरु गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : प्रस्ताव नं. ११ माथि छलफल गर्दा राजश्व परामर्श समितिको मिति २०७९।०४।२९ गतेको निर्णयानुसार (क) रामग्राम नगरपालिका वडा नं.२ मा रहेको साप्ताहिक हाट बजारमा नवनिर्मित पसल घर सटरहरुको ५ वर्षका लागि बहाल ठेक्का बन्दोबस्त गर्न तपसिल बमोजिमका ब्लकहरुलाई न्यूनतम कबोल अंक रु.१३२०००।०० (भ्याट वाहेक) कायम गरी ठेक्का मार्फत बहालमा लगाउन नगरपालिकालाई सिफारिस गरिएकोमा सोही बमोजिम गर्ने निर्णय गरियो ।

तपसिल:

| | मासिक | वार्षिक |
|---|---|---|
| १. ब्लक नं. १ को कोठा संख्या १२ ह | रु.३०००।०० | ३६०००।०० |
| २. ब्लक नं. २ को कोठा संख्या ३० ह | रु.२०००।०० | ६००००।०० |
| ३. ब्लक नं. ३ को कोठा संख्या ७ ह | रु.१०००।०० | ७०००।०० |
| ४. ब्लक नं. ४ को कोठा संख्या ७ ह | रु.१०००।०० | ७०००।०० |

प्रति महिनाको भ्याट वाहेक जम्मा रु.१,१०,०००।००का दरले वार्षिक रु. १३,२०,०००।०० कायम हुने ।

(ख) रामग्राम नगरपालिका वडा नं.२ साप्ताहिक हाट बजारमा नवनिर्मित पसल घरहरु मध्ये ब्लक *C* र *D* मा नगरवासीहरुलाई स्वच्छ र स्वास्थ्यकर माछा, मासु उपलब्ध गराउने प्रयोजनका लागि ती पसल घर सटरहरुलाई तोकिएको मापदण्ड बमोजिम पूर्वाधार व्यवस्थापन गर्नका लागि रामग्राम नगरपालिका लगायत सम्बन्धीत अन्य निकायको सहकार्यमा अनुदान उपलब्ध गराई व्यवसायीहरुलाई प्रोत्साहन गर्न राजश्व परामर्श समिति मार्फत सिफारिस भई आएकोमा सो अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

(ग) रामग्राम नगरपालिका वडा नं.२ साप्ताहिक हाट बजारमा नवनिर्मित पसल घरको ठेक्का स्वीकृत भएको शुरुको १ वर्षमा ठेक्का बन्दोबस्त भई व्यवस्थापन गर्ने समय लाग्ने भएको हुंदा वार्षिक कबोल अंकको दामासाहीले हुन आउने १ वर्षको ठेक रकमको ५० प्रतिशत सम्म छुट दिन नगरपालिकालाई राजश्व परामर्श समिति मार्फत सिफारिस गरिएकोमा सोही बमोजिम गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ : प्रस्ताव नं. १२ माथि छलफल गर्दा राजश्व परामर्श समितिको मिति २०७९।०४।२९ गतेको निर्णयानुसार रामग्राम नगरपालिकाको शहरी क्षेत्रभित्रका सडक, पेटी घर/भवन अगाडि र फुटपाथमा खुला रुपमा विक्री वितरण गर्दै आएका व्यवसायहरुलाई ती स्थानहरुमा विक्री वितरण गर्न निषेध गर्ने र व्यवसायीहरुलाई व्यवस्थित गर्नका लागि वडा नं. ५ मा निर्मित दैनिक हाट बजारमा आवश्यक न्यूनतम पूर्वाधार निर्माण गरी स्थानीय उत्पादन (माछा, मासु बाहेक) विक्रि वितरण प्रयोजनका लागि दैनिक हाटबजारमा व्यवसाय गर्ने व्यवसायीहरुबाट दैनिक प्रति स्टल रु. ३०।०० बहाल बटौरी कर लिने गरी वार्षिक १०८०००।०० न्यूनतम ठेक्का अंक कायम गरी आय ठेक्का बन्दोबस्त गर्न सिफारिस गरिएको र यसरी ठेक्का बन्दोबस्त गर्दा चालु आ.व.को लागि ठेक्का सम्झौता सम्मको अवधि दामासाहीले छुट हुने र आगामी आ.व.हरुमा प्रति वर्ष १० प्रतिशतले वृद्धि गर्न सकिने गरी सिफारिस भई आएकोमा सोही बमोजम गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ : प्रस्ताव नं. १३ माथि छलफल गर्दा राजश्व परामर्श समितिको मिति २०७९।०४।२९ गतेको निर्णयानुसार रामग्राम नगरपालिका वडा नं. १८ का भोगडाहिन माई र बन्जारिन माई मन्दिर व्यवस्थापन संस्थाको मिति २०७९/४/२४ गते च.नं.१ को पत्रानुसार सोही वडा अवस्थित ४ वटा पोखरी क्रमश: गौजहवा पोखरी (०-८-०) बाउली पोखरी (०-१-०), व्रमयान पोखरी (०-८-०) र भोगाड पोखरी (०-६-०)को भोग चलन पाउं भनि दर्ता भएको पत्रानुसार ती पोखरीहरुको भोगचलन गर्न दिन उपयूक्त नदेखिएकोले सो पोखरीहरुबाट हुने आयको ५० प्रतिशत सम्म सम्वन्धित मन्दिर व्यवस्थापनका लागि अनुदान उपलब्ध गराउने गरी नगरपालिकाबाट आय ठेक्का बन्दोवस्त गर्न नगरपालिकामा सिफारिस गरिएकोमा सोही बमोजिम गर्ने निर्णय गरियो ।